# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## डे.ग. अधिकारी Face to Face Meeting मलेसियामा

सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा नेपालले गरेका प्रतिबद्धता र प्रगतिबारेमा नेपाल र फाइनान्सियल एक्सन टास्क फोर्स (FATF), Regional Review Group (RRG) बिच यही सेप्टेम्वरको दोस्रो साता मलेसियाको क्वालालम्पुरमा आमने सामने छलफल सम्पन्न गरी डेपुटी गभर्नर महाप्रसाद अधिकारी स्वदेश फर्कनु भयो । उक्त छलफलको नेतृत्व कानून तथा न्याय मन्त्रालयका सचिव भेषराज शर्माले गर्नु भएको थियो ।

छलफलमा मूलतः सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ (दोस्रो संशोधन) र पारस्परिक कानूनी सहायता सम्बन्धी अध्यादेशको कार्यान्वयन एवम् सम्पत्ति शुद्धीकरण निवारण (सूचीकृत व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का), र आपसी कानूनी सहायता सम्बन्धी नियमावलीहरूको मस्यौदा सम्बन्धमा विस्तृत छलफल भएको थियो ।

छलफलमा नेपालले गरेको प्रतिबद्धताका क्षेत्रमा आधारभूत कार्यमा प्रगति गरिसकेको र मस्यौदा भएका दुईवटा नियमावली FATF को आगामी Plenary अगावै अर्थात् October १० भित्र लागू भएमा उक्त FATF Plenary ले नेपालको स्थलगत निरीक्षणमा विज्ञ टोली पठाउने आशय RRG का सदस्यहरूले व्यक्त गरेका छन् । विज्ञ टोलीले स्थलगत अध्ययन गर्दा कानूनको कार्यान्वयन हुन थालेको प्रतिवेदन दिएमा सन २०१४ को फेब्रुवरीमा हुने FATF Plenary ले नेपाललाई निगरानी सूचीबाट हटाउने प्रबल सम्भावना रहेको छ । फलस्वरूप नेपाल अन्य सफल मुलुक जस्तै निगरानी सूचीबाट बाहिर आउने र नेपालले लागू गरेको राष्ट्रिय रणनीति बमोजिम काम गर्दै अगाडि बढ्दा आगामी दिनमा समेत यस किसिमको जोखिम न्यूनिकरण हुदै जाने अवस्था सृजना भएको छ ।

उक्त कार्यक्रममा भाग लिन उहाँ गत भदौ २५ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

२०७० असोज ६ गते, आइतवार

गभर्नरको कार्यालय